


## एनपीएलमा क्रोएको स्वर गुन्जिने

नेपाल प्रिमियर लिग (एनपीएल) दोस्रो संस्करण अवधिभर बेलायतकी जेस क्रोएको स्वर सुन्न पाइने भएको छ। नेपाल क्रिकेट संघले उनलाई दोस्रो संस्करणको अफिसियल प्रेजेन्टर घोषणा गरेको हो।

# रंगशाला




# ‘ए’ डिभिजन लिग १२० दिनभित्र गर्न एन्फाको सहमति



**अन्नपूर्ण** | *काठमाडौं*

अखिल नेपाल फुटबल संघ (एन्फा) ले सहिद स्मारक ‘ए’ डिभिजन लिग एक सय २० दिनभित्र गर्न सहमति जनाएको छ। युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको प्रत्यक्ष सहभागितामा एन्फा पदाधिकारी, ‘ए’ डिभिजन क्लबका प्रतिनिधि र फुटबल खेलाडी संघका पदाधिकारीसहितको छलफलमा ‘ए’ डिभिजन लिग एक सय २० दिनभित्र गर्न एन्फाले सहमति जनाएको हो।

मन्त्री गुप्ताले एन्फा पदाधिकारी, खेलाडी र क्लबका प्रतिनिधिको कुरा सुनेका थिए। त्यसपछि उनले ‘ए’ डिभिजन लिगका लागि मिति प्रस्ताव गर्न एन्फा पदाधिकारीलाई निर्देशन दिएका थिए। एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले एक सय २० दिनको समय माग गर्दै त्यसपछि लिग गराउन सकिने बताएका थिए। उनले लिग होम एन्ड अवेका आधारमा नहुने र एकभन्दा बढी मैदानमा भने खेलाउन सकिने बताएका थिए। छलफलमा एन्फा अध्यक्ष नेम्वाङले डबल राउन्ड रोबिनको लिग गर्न सकिने प्रस्ताव पनि राखेका थिए।

एन्फाले प्रस्ताव गरिएको मितिमा लिग आयोजनाका लागि मन्त्रालयले १४ ‘ए’ डिभिजन क्लबसँग पनि छलफल गर्ने जनाइएको छ। क्लबसँगको छलफलपछि स्पष्ट निर्णय गर्न एन्फालाई मन्त्रालयले निर्देशन दिने जनाइएको छ।

एन्फाले १४ वटा ‘ए’ डिभिजन क्लबसँगको सहमतिमा पुस पहिलो सातादेखि राष्ट्रिय लिग गर्ने घोषणा गरेको थियो। राष्ट्रिय लिगमा अघिल्लो संस्करणका शीर्ष ६ क्लब र एन्फा प्रेसिडेन्ट लिगका शीर्ष चार टोली सम्मिलित राष्ट्रिय लिग गर्ने घोषणा गरेको थियो। त्यसको विरोधमा नेपाल फुटबल खेलाडी संघ आन्दोलनमा उत्रिएपछि मन्त्री गुप्ताले सबै सरोकार पक्षलाई समेटेर मंगलबार छलफल गरेका थिए। खेलाडी संघले एन्फा मुख्यालयमा धर्ना दिँदै ‘ए’ डिभिजन लिग गराउनु पर्ने माग राखेको थियो। त्यसपछि एन्फाले संघका पदाधिकारीलाई वार्तामा बोलाए पनि बैठकको प्रत्यक्ष प्रसारण गर्नुपर्ने माग गरेपछि वार्ता हुन सकेको थिएन।

# वीरेठाँटीमा तेक्वान्दो विकास परियोजना

**अन्नपूर्ण** | *काठमाडौं*




कास्कीको अन्नपूर्ण-८ वीरेठाँटीमा तेक्वान्दो विकास परियोजना पुन: सञ्चालन भएको छ। अम होङ गिल फाउन्डेसनअन्तर्गत वर्ल्ड तेक्वान्दो र नेपाल तेक्वान्दो संघको विशेष सहयोगमा वीरेठाँटी माविमा परियोजनाको तेस्रो चरण सञ्चालन भएको हो। यसअघि परियोजना दुई चरणमा वीरेठाँटी माविमै सञ्चालन भएको थियो।

परियोजनाअन्तर्गत वीरेठाँटी माविका ६० जना विद्यार्थीले तेक्वान्दोको विशेष प्रशिक्षण लिएका छन्। उनीहरूलाई अस्मित लो लामाले प्रशिक्षण दिँदै आएका छन्। यो कार्यक्रम यसअघि सन् २०२२ अगस्त २२ देखि २०२३ अगस्त २१ सम्म पहिलो चरणका रुपमा सञ्चालन भएको थियो। पहिलो चरणमा ८७ खेलाडीको सहभागिता रहेको थियो । दोस्रो चरण सन् २०२३ अक्टोबरदेखि २०२४ अप्रिलसम्म सात महिनाका लागि सञ्चालन भएको थियो। जसमा ७४ विद्यार्थीहरू सहभागी भएका थिए।

तेस्रो चरणको उद्घाटन कार्यक्रममा नेपाल तेक्वान्दो संघका अध्यक्ष दीपराज गुरुङ, महासचिव हेमन्त डाँगी, अम होङ गिल फाउन्डेसनका निर्देशक पार्क हिडोङ, अन्नपूर्ण गाँउपालिका कास्कीका अध्यक्ष विष्णुबहादुर केसी, वडाध्यक्ष विजय गुरुङ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिल्लीराज जैसी, नेपाल तेक्वान्दो संघको सल्लाहकार परिषद्का सदस्य हरिश्वर पोखरेल, गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगनबहादुर गुरुङ, कास्की जिल्ला तेक्वान्दो संघका अध्यक्ष कुमार गुरुङ, तेक्वान्दो प्रशिक्षक कविराज खड्गीलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा विश्व तेक्वान्दो र स्थानीय स्तरमा खेल, शिक्षा र सामुदायिक विकासको प्रवर्धनसँगै युवाहरूबीचको सम्बन्धका विषयमा सराहना गरिएको थियो। उद्घाटनका अवसरमा प्रशिक्षणरत विद्यार्थीले तेक्वान्दोका विभिन्न कला प्रस्तुत गरेका थिए।

# सौगत चितवनका ‘आइकोनिक प्लेयर’

**अन्नपूर्ण** | *काठमाडौं*

नेपाल प्रिमियर लिग (एनपीएल) को फ्रेन्चाइज टोली चितवन राइनोजको ‘आइकोनिक प्लेयर’मा सौगत ढकाल चयन भएका छन्। चितवनले आयोजना गरेको ट्यालेन्ट हन्टबाट राइट आर्म लेग स्पिनर सौगत ‘आइकोनिक प्लेयर’ घोषित भएका हुन्।

चितवनले हेटौंडा, टाँडी र भरतपुरमा ट्यालेन्ट हन्ट कार्यक्रम सञ्चालन गरेको थियो। खेलाडीको अन्तिम छनोट भने गौतम बुद्ध रंगशालास्थित नमुना क्रिकेट मैदानमा गरिएको थियो। छनोट समितिको विस्तृत मूल्यांकनपछि सौगत ‘आइकोनिक प्लेयर’ घोषित भएका हुन्। यस्तै राइट आर्म फास्ट बलर सक्रिय कार्की र लेफ्ट-आर्म फास्ट बलर नरेश प्रधान डेभलपमेन्ट टिममा चयन भएका छन्।



ट्यालेन्ट हन्टले नेपालको विभिन्न स्थानबाट उदाउँदो प्रतिभालाई पहिचान र प्रोत्साहन गर्ने उद्देश्य बोकेको थियो। चितवन राइनोजले यसलाई घरेलु क्रिकेट विकास र भविष्यका स्टार खेलाडी तयार पार्ने दीर्घकालीन योजनाको हिस्साका रूपमा लिएको अध्यक्ष आयुष न्यौपानेले बताए। ‘ट्यालेन्ट हन्ट कार्यक्रमले फेरि प्रमाणित गरेको छ कि नेपालमा क्रिकेट खेलप्रति असाधारण क्षमता र रुचि छ। हामी यस्ता खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेल्ने अवसर दिलाउने लक्ष्यका साथ अघि बढिरहेका छौं’, अध्यक्ष न्यौपानेले भने। उनले देशभरका युवालाई खेलमार्फत सशक्त बनाउने र ग्रासरुट स्तरदेखि क्रिकेटको विकासमा योगदान दिने प्रतिबद्धता पनि व्यक्त गरेका छन्।

# एभरेस्ट भलिबल लिग बुधबारदेखि, नेपाली खेलाडी मात्रै सहभागी हुने

**अन्नपूर्ण** | *काठमाडौं*

एभरेस्ट महिला भलिबल लिगको दोस्रो संस्करणका बाँकी खेल बुधबारदेखि हुने भएको छ। आयोजक इन्फिनिटी ड्रिम्सले लिगका बाँकी खेल कात्तिक २६ देखि २९ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आयोजना गर्न लागेको हो।

बाँकी रहेका खेलमा नेपाली खेलाडीले मात्रै प्रतिस्पर्धा गर्ने भएका छन्। लिगका निर्देशक जगदीश भट्टले भिसा समस्याका कारण खेलका बाँकी रहेका खेलमा कोही पनि विदेशी खेलाडी



नआउने जानकारी दिए। ‘लिगका बाँकी खेलमा नेपाली खेलाडीले मात्रै प्रतिस्पर्धा गर्ने भएका छन्। एभरेस्ट महिला भलिबल लिग टोलीले विदेशी खेलाडी ल्याउन खोजे पनि भिसाको समस्याका कारण त्यो सम्भव हुन सकेन’, निर्देशक भट्टले भने।

दोस्रो संस्करणको प्रतियोगिता भदौ २० गतेदेखि पोखरामा सञ्चालन गरिएको थियो। लिगको १६ मध्ये नौ खेल सम्पन्न पनि भइसकेको थियो। भदौ २३ गतेको जेनजी आन्दोलन र त्यसपछि विकसित राजनीतिक घटनाक्रमपछि प्रतियोगिता स्थगित गरिएको थियो।

## गजुरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

### गजुरी १ रुद्रेश्वर शिवालय मन्दिर मुनिको त्रिशुली नदिमा मोटरबोट सञ्चालन सम्बन्धि बोलपत्र आव्हानको सूचना

**ठेक्का नं. GRM/W/NCB/04/2082/083**
**प्रथम पटक प्रकाशित मिति २०८२।०७।२६**

गजुरी गाउँकार्यपालिकाको मिति २०८२।०७।१६ गतेको निर्णायानुसार गजुरी गाउँपालिका वडा नं. १ स्थित रुद्रेश्वर शिवालय मन्दिर मुनिको त्रिशुली नदिमा मोटरबोट सञ्चालन तथा व्यवस्थापन बढाबढ प्रक्रिया माध्यमबाट ठेक्का गराउनु पर्ने भएकोले ईच्छुक फर्म, संस्था, व्यवसाय वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ।

शर्तहरु :

१. गजुरी गाउँकार्यपालिकाको मिति २०८२।०३।०८ गतेको बैठकको निर्णय नं. १० बाट स्वीकृत “Final Report on Feasibility Study of Motor Boat in Trishuli River in Gajuri” अनुसार गजुरी गाउँपालिका वडा नं. १ गजुरी बजार दक्षिण तर्फको रुद्रेश्वर शिवालय मन्दिर मुनिको त्रिशुली नदिमा मोटरबोट सञ्चालनको लागी आर्थिक वर्ष २०८२।८३ देखि आर्थिक वर्ष २०९१।९२ सम्म सञ्चालन गर्ने गरि उल्लेखित प्रतिवेदनानुसार आ.व. २०८२।०८३ को निम्ति न्यूनतम ठेक्का अंक रु. ६,७९,५००/- (अक्षरेपी छ लाख उनान्सि हजार पाँच सय मात्र) VAT वाहेक कायम गर्ने तथा ठेक्काको नबिकरण प्रत्येक आर्थिक बर्षको बक्यौता भुक्तान गरिसकेपछि अघिल्लो आ.ब. मा कायम गरिएको कबोल ठेक्का अंकको १०% थप गरी ठेक्का अंक प्रत्येक आर्थिक वर्षमा क्रमश: कायम हुने छ।
२. फर्म, संस्था, व्यवसाय वा कम्पनी दर्ताको प्रमाणपत्र नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र, आर्थिक वर्ष २०८१।८२ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र दस्तुर रु. ३,०००/- (अक्षरेपी तीन हजार मात्र) तिरी (फिर्ता नहुने गरि) राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बैंक खाता नं. १०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर वा स्थानीय तहको राजस्व पोर्टलमा राजस्व शिर्षक १४५२९ मा जम्मा गरेको भौचर साथ यो सूचना प्रकाशन भएको ३१ औं दिन (२०८२।०८।२६ गते) को १२:०० बजे भित्र विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सकिनेछ साथै सोही दिनको १:०० बजे बोलपत्र कार्यालयको प्रतिनिधि तथा बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताको अनुपस्थिमा भएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिनेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा खोलिनेछ।
३. यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको धरौटी खाता नं. १०५०१००३०३००००००२ (धरौटीको लागि) रु. ४०,०००/- (अक्षरेपी चालिस हजार मात्र) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त “क” वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।
४. बोलपत्र स्वीकृत भएपश्चात बोलपत्रदातासँग प्रारम्भिक कार्यसम्झौता गरिनेछ। व्यवसाय वा कम्पनीले गजुरी गाउँकार्यपालिकाबाट स्वीकृत “Final Report on Feasibility Study of Motor Boat in Trishuli River in Gajuri” को अधिनमा रहि मोटरबोट सञ्चालन गर्ने स्थानमा IEE गर्नुपर्नेछ। मोटरबोट सञ्चालनको निम्ति सम्बन्धित निकायबाट इजाजतपत्र लिनुपर्नेछ।
५. मोटरबोट सञ्चालनको निम्ति IEE स्वीकृत र इजाजतपत्र प्राप्ति पश्चात बोलपत्र सकार्ने बोलपत्रदाताले मोटरबोट सञ्चालनको निम्ति गजुरी गाउँपालिकाको कार्यालयमा अनुमतिको निम्ति निवेदन, आ.व. २०८२।८३ को निम्ति कबोल गरेको रकम भ्याट सहित (गजुरी गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको नगदि रसिद वा बैंक भौचर), मोटरबोट सञ्चालनको इजाजतपत्र, स्वीकृत IEE प्रतिवेदन सहित पेश गर्नुपर्नेछ। गजुरी गाउँपालिकाले गजुरी गाउँपालिकाको त्रिशुली नदि जलयातायात सञ्चालन सम्बन्धी कार्यविधि २०८२ बमोजिम मोटरबोट सञ्चालन अनुमति सहित सम्झौता र कार्यादेश प्रदान गर्नेछ।
६. बोलपत्रदाताले नियमानुसार तिर्नुपर्ने व्यवसाय दर्ता कर, व्यवसाय नविकरण कर तथा मनोरञ्जन कर अनिवार्य बुझाउनुपर्नेछ।
७. कबोल अंक अनुसारको रकम १० किस्तामा बुझाउनुपर्नेछ। पहिलो वा चालु आर्थिक वर्ष २०८२।८३ को निम्ति कबुल गरेको रकमको सत प्रतिशत बुझाएपश्चात मात्र सम्झौता हुनेछ र बाँकी रकम (आर्थिक वर्ष २०८३।८४ देखि २०९१।०९२) का लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०९३ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी (Performance Guarantee) पेश गर्नुपर्नेछ। प्रत्येक किस्ता (दोस्रो देखि दशौं) आर्थिक वर्षको साउन १० गते भित्र इजाजत नविकरण, व्यवसाय नविकरण लगायतका कागजात सहित बुझाइ ठेक्का नविकरण गर्नुपर्नेछ।
८. ठेक्का नबिकरण बापत बुझाउनु पर्ने रकम पहिलो किस्ता कबोल अंक बरावर, दोस्रो किस्ता पहिलो किस्तामा थप १० प्रतिशत, तेस्रो किस्ता दोस्रो किस्तामा थप १० प्रतिशत हुदै क्रमश प्रत्येक आर्थिक वर्ष अघिल्लो आर्थिक वर्षको रकममा थप १० प्रतिशतले बढोत्तरी हुदैजानेछ तथा कागजात प्रत्येक आ.व. को साउन १० गते भित्र बुझाए पछी मात्र नबिकरण भएको मानिनेछ। सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधिसम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन सरकारी बाँकी सरह रकम असुलउपर गरिनेछ।
९. मोटरबोट सञ्चालन गर्ने स्थानमा टिकट काउन्टर, शौचालय, प्रतिक्षाकक्ष लगायतका अन्य संरचना स्वीकृत “Final Report on Feasibility Study of Motor Boat in Trishuli River in Gajuri” र IEE प्रतिवेदनको अधिनमा रहि स्वंय बोलपत्रदाताले नै निर्माण गर्नुपर्नेछ र निर्माण स्थल (जमिन) उपलब्ध गाउँपालिकाले गराउनेछ। संरचनाको निर्माण तथा मोटरबोट सञ्चालन प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ।
१०. कार्यालयको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. इजाजत पत्र जारी गर्ने निकायबाट IEE प्रतिवेदन लगायत अन्य प्राविधिक कारण देखाई वा नदेखाई सो स्थानमा मोटरबोट सञ्चालन प्रयोजनार्थ इजाजत पत्र जारी नगरेको खण्डमा सम्झौता र कार्यदेश दिनको निम्ति कार्यालय बाध्य हुनेछैन र ठेक्का स्वत: रद्द हुनेछ।
१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## हिमालयन बैंक लिमिटेडको
### ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँबा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं।

तपसिल

| ऋणी/ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय: भरतपुर शाखा, चितवन** | |
| घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. २१६९/९५६५ कायम भइ मिति २०७३/१२/११ मा दर्ता भएको नवलपरासी (ब.सु.पु.) जिल्ला गैडाकोट न.पा. वडा नं. २ स्थित **रोजि ईन्टरप्राईजेज (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: जिवन कुमार श्रेष्ठ**<br>**व्यक्तिगत जमानी दिने: ओम काजी श्रेष्ठ** | बालकृष्ण श्रेष्ठको नाति नन्दलाल श्रेष्ठको छोरा नवलपरासी (सु.पु.) जिल्ला गैडाकोट न.पा. वडा नं. २ बस्ने **ओम काजी श्रेष्ठको** नाममा दर्ता कायम रहेको:<br>क) नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वडा नं. २क (हाल परिवर्तित नवलपरासी (ब.सु.पु.) जिल्ला गैंडाकोट न.पा. वडा नं. २) स्थित कि.नं. २५०१, १५०३ र २५०३ को क्षेत्रफल क्रमश: ०-४-०-१, ०-२-१-० र ०-०-१-३ (रोपनी) को जग्गा समेत।<br>ख) नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वडा नं. ७घ (हाल परिवर्तित नवलपरासी (ब.सु.पु.) जिल्ला गैंडाकोट न.पा. वडा नं. ७) स्थित कि.नं. २४६ को क्षेत्रफल ८-०-०-० (रोपनी) को जग्गा समेत। |
| **शाखा कार्यालय : हर्नामाडी शाखा, मकवानपुर** | |
| १. घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा प्रा.फ.र.नं. ९३२०/५९८/२०७१/२०७२ कायम भई मिति २०७२/०२/२८ मा दर्ता भएको मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं ५ स्थित **नम्रता एकिकृत कृषि फार्म (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: नन्दु कृष्ण श्रेष्ठ**<br>**व्यक्तिगत जमानी दिने: निर्मला श्रेष्ठ र निपेशकृष्ण श्रेष्ठ** | आशा मरु श्रेष्ठको नाति सानो काजी श्रेष्ठको छोरा मकवानपुर जिल्ला भैंसे गा.वि.स. वडा नं. १ (हाल परिवर्तित भिमफेदी गा.पा. वडा नं. २) स्थायी ठेगाना भई हाल हेटौंडा उप.म.न.पा. वडा नं. ४ बस्ने बस्ने **नन्दु कृष्ण श्रेष्ठको** नाममा दर्ता कायम रहेको मकवानपूर जिल्ला हाँडीखोला गा.वि.स. वडा नं. ८ (हाल मनहरी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ९५६ को क्षेत्रफल १-१०-०-० घरजग्गा समेत। |
| २. **सानो काजी श्रेष्ठको बुहारी कृष्ण गोविन्द श्रेष्ठको छोरी नन्दु कृष्ण श्रेष्ठको पत्नी** मकवानपुर जिल्ला भैंसे गा.वि.स. वडा नं. १ (हाल परिवर्तित भिमफेदी गा.पा. वडा नं. २) स्थायी ठेगाना भई हाल हेटौंडा उप.म.न.पा. वडा नं. ४ बस्ने **निर्मला श्रेष्ठ (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: नन्दु कृष्ण श्रेष्ठ र निपेशकृष्ण श्रेष्ठ** | |
| **शाखा कार्यालय: पृथ्वीचोक शाखा, कास्की** | |
| घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फा.नं.घ.उ.वि. १६८८१/०७६/०७७ कायम भई मिति २०७६/११/०५ मा दर्ता भएको कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३२ लामेआहाल स्थित **बिष्णु राई फर्निचर उद्योग (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: विष्णु बहादुर राई**<br>**व्यक्तिगत जमानी दिने: फुल देवी कुमाल राई र प्रिस्किला राई** | गोरख बहादुर राईको बुहारी गोल बहादुर कुमालको छोरी विष्णु बहादुर राईको पत्नी मकवानपुर जिल्ला राईगाउँ गा.वि.स. वडा नं. १ (हाल वाग्मती गा.पा. वडा नं. १) बस्ने **फुल देवी कुमाल राईको** नाममा दर्ता कायम रहेको गोरखा जिल्ला, तारानगर गा.वि.स वडा नं. ८ (हाल परिवर्तित गोरखा न.पा वडा नं. १२) स्थित कित्ता नं १७९१ को क्षेत्रफल ०-६-०-० (रोपनी) को घरजग्गा समेत। |
| **शाखा कार्यालय: सुनवल शाखा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)** | |
| १. घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा प्रा.फ.र.नं. ३५/११५२० कायम भई मिति २०७५/०४/०८ मा दर्ता भएको नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. १ स्थित **मेनुका सुनचाँदी पसल (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: विमल विश्वकर्मा**<br>**व्यक्तिगत जमानी दिने: विसाल कुमार वि.क., विकाश विश्वकर्मा, देश कुमार विश्वकर्मा, सुनिता विश्वकर्मा र मिना देवी वि.के.** | मन बहादुर विश्वकर्माको नाति धन सिंह विश्वकर्माको छोरा नवलपरासी जिल्ला स्वाठी गा.वि.स. वडा नं. ५ (हाल सुनवल न.पा. वडा नं. ५) बस्ने **देश कुमार विश्वकर्माको** नाममा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला स्वाठी गा.वि.स. वडा नं. ५ ङ (हाल सुनवल न.पा. वडा नं. ५) स्थित कित्ता नं. ६७५ को क्षेत्रफल ०-२-१४-० (विघा) जग्गा समेत। |
| २. धन सिंह विश्वकर्माको नाति देश कुमार विश्वकर्माको छोरा नवलपरासी जिल्ला स्वाठी गा.वि.स. वडा नं. ५ (हाल सुनवल न.पा. वडा नं. ५) बस्ने **विमल विश्वकर्मा (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: देश कुमार विश्वकर्मा** | |
| **शाखा कार्यालय: फिदिम शाखा, पाँचथर** | |
| १. राम प्रसाद राईको नाति रमेश कुमार राईको छोरा पाँचथर जिल्ला फाक्तेप गा.वि.स. वडा नं. ८ हाल परिवर्तित फाल्गुनन्द गा.पा. वडा नं. ५ बस्ने **मदन कुमार राई (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: तिर्थ कुमारी राई** | **ऋणी मदन कुमार राईको** नाममा दर्ता कायम रहेको पाँचथर जिल्ला रानीटार गा.वि.स.वडा नं. ९द (हाल परिवर्तित फिदिम न.पा. वडा नं. १४) स्थित कित्ता नं. २८ र २६ को क्षेत्रफल क्रमश: ५-१४-१-० र १-७-२-३ (रोपनी) को जग्गा समेत। |
| २. जित बहादुर सुहाङ्गको नाति जगपाल सुहाङ्गको छोरा पाँचथर जिल्ला सुभाङ्ग गा.वि.स. वडा नं. ८ (हाल हिलिहाङ गा.पा. वडा नं. ५) बस्ने **नबिन सुहाङ्ग (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: पवित्रा योङहाङ** | **ऋणी नबिन सुहाङ्गको** नाममा दर्ता कायम रहेको:<br>क) पाँचथर जिल्ला ओराङफुङ गा.वि.स.वडा नं. १क (हाल परिवर्तित हिलिहाङ गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ८६, ५४, ८५, ११८, ५६, १३६ को क्षेत्रफल क्रमश: ६-६-१-२, ४-१४-०-२, २-११-२-१, १-१-१-१, ८-९-१-१, ३-५-१-० (रोपनी) को जग्गा समेत।<br>ख) पाँचथर जिल्ला ओराङफुङ गा.वि.स.वडा नं. २ख (हाल परिवर्तित हिलिहाङ गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २३ को क्षेत्रफल ५-९-२-१ (रोपनी) को जग्गा समेत। |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं